MEMBER OF
Mountain Sports Federation-Nepal
Affiliated to
NSC Regd. No.: 70
... empowering people through sports & mobility

Nepal Automobiles' Association
नेपाल अटोमोवाइल्स एसोसिएसन
National Sports Council, Tripureshwor, Kathmandu, P.O. Box: 19227, Mob: +977 9851022906, Email: nasanepal08@gmail.com

# काठमाडौं-नमोबुद्ध टुरिङ्ग र्‍याली १३ असोजमा

हरेक वर्ष जस्तै यस वर्षपनि विश्वभरी पर्यटन दिवसको अवसर मा विभिन्न कार्यक्रम भइरहेका छन् । यसै दिवसलाई लक्षित गर्दै नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा नेपाल) र विमा नेपालको संयुक्त आयोजना र उपत्यका पर्यटन कार्यालय, हातिवन, ललितपुरको सहकार्यमा आउँदो शनिबार काठमाडौं-नमोबुद्ध टुरिङ र्‍याली आयोजना गरिने भएको छ । नासा नेपाल र सो संस्थाका विभिन्न क्लबहरुले विगतका वर्षमा पनि पर्यटन प्रवर्धन गर्नेहेतु बिभिन्न कार्यक्रम गर्दै आएको छ ।

उपत्यका पर्यटन कार्यालयले बागमती प्रदेशमा रहेका विभिन्न पर्यटकिय क्षेत्रको पहिचान गर्नुका साथै प्रवर्धनात्मक कार्य गर्ने र यससंग सम्बंधित संघ संस्थाहरुसंग सहकार्य गर्दै आन्तरिक पर्यटनलाई बढावा दिइरहेको छ । यस वर्ष काठमाडौं नजिकैको लोकप्रिय गन्तब्य नमोबुद्धसम्म टुरिङ्ग र्‍याली आयोजना गरिको हो । करिब सय बढि सहभागी रहने उक्त र्‍यालीको मुख्य उद्यश्य युवा तथा मोटरसाइकल चालकहरुलाई आन्तरिक पर्यटनमा जाड्नु रहेका हो ।

सानो हातिवनस्थित उपत्यका पर्यटन कार्यलयबाट बिहान ८ बजेबाट सुरु हुने सो र्‍याली कोटेश्वर-सल्लाघारि-सागाँ-बनेपा-धुलिखेल हुदै नमोबुद्ध पुग्नेछ भने पुन: धुलिखेल आएर समापन हुनेछ । र्‍यालीको लागि सन्तोष न्यौपाने, सञ्जु बज्रचार्य र मिङ्मा डोल्मा तामाङ रहेको समिति गठन गरिएको छ ।

..................
किरण धिताल
प्रोग्राम अफिसर

Nepal Automobiles' Association — Cnetral Committee